## सिटरोल दर्ता तथा सम्पत्ति विवरण बुझाउने सम्बन्धी निजामती किताबखानाको अनुरोध

१. निजामती सेवा नियमावली, २०५० को नियम २२(१क) को उपनियम (१) बमोजिम नयाँ नियुक्ति हुने निजामती कर्मचारीले नियुक्ति भएको १ महिनाभित्र वैयक्तिक विवरण (सिटरोल) अनिवार्य रूपमा भरी सक्नुपर्ने र उक्त म्यादभित्र पनि वैयक्तिक विवरण नभर्ने निजामती कर्मचारीहरूको तलवभत्ता रोक्का गरिने व्यवस्था रहेको हुँदा उक्त तोकिएको अवधिभित्र अनिवार्य रूपमा सिटरोल दर्ता गर्नुहुन जानकारी गराइन्छ ।

२. निजामती सेवा ऐन, २०४९ को दफा ५४ मा निजामती कर्मचारीले सम्पत्ति विवरण दिनुपर्ने व्यवस्था रहेको साथै भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ५०(१) बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको श्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारीक समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको साथै "भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा ३ बमोजिम उक्त म्यादभित्र सम्पत्ति विवरण पेश नगर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिलाई रू. ५०००।- जरीवाना गरी निज र निजको परिवारको नाममा गैरकानूनी सम्पत्ति रहेको अनुमान गरी सम्बन्धित निकाय वा अधिकारीले अनुसन्धान गर्न सक्ने" व्यवस्था रहेको व्यहोरा जानकारी गराइन्छ ।

३. समयमा सम्पत्ति विवरण नबुझाउने सम्बन्धित निजामती कर्मचारीहरूले जरिवानाको पत्र प्राप्त भए पश्चात प्रशासनिक दण्ड जरीवाना बापत शिर्षक नं. १४३१२ मा आर्थिक वर्ष खुलाई आफ्नो कार्यालयको कोड नं. सहित तोकिएको जरीवाना रकम तिरेको सक्कलै भौचर संलग्न गरी सम्बन्धित कार्यालयको पत्रमार्फत सम्पत्ति विवरण दर्ता गरीदिन यस विभागलाई अनुरोध गरी सम्पत्ति विवरण पेश गर्नुहुन समेत जानकारी गराइन्छ ।

४. निजामती सेवा ऐन, २०४९ को दफा ७ख(२) मा मन्त्रालय, सचिवालय, आयोग र विभाग तथा उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत निजामती कर्मचारीको हकमा निजामती किताबखाना र जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित को.ले.नि.का. बाट तलवी प्रतिवेदन पास नगराई तलव खुवाउनु हुदैन ।

५. नि.से. ऐन, २०४९ को दफा ७ख(३) मा तलवी प्रतिवेदन पास नगरी तलव खुवाएको भएमा त्यसरी तलव खुवाउने पदाधिकारीबाट त्यस्तो कर्मचारीले पाएको तलव, भत्ता र अन्य सुविधा बापतको रकम सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था रहेकोले सोको कडाईकासाथ पालना गर्नुहुन सबै को.ले.नि.का. तथा कर्मचारीहरूलाई अनुरोध गरिन्छ ।

६. सिटरोल दर्ता नगरी सेवा गरेका कर्मचारीहरूको औषधी उपचार तथा उपदान रकम किटानी गर्ने तथा निवृत्तभरण अधिकार पत्र (पेन्सन पट्टा) जारी गर्ने कार्य गर्न नसकिने भएकोले सिटरोल भर्न बाँकी सम्पूर्ण कर्मचारीहरूले अविलम्ब सिटरोल भरी कर्मचारी संकेत नम्बर लिनुहुन अनुरोध छ ।